नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# नेपाल स्काउट
राष्ट्रिय प्रधान कार्यालय

पत्र संख्या: ०८०।०८१
चलानी नं.: ८४

मिति: २०८०/०५/१७

**3L Project 2023 को Project Execution Team Member को लागि खुल्ला आह्वान ।**

उपरोक्त सम्बन्धमा **Friends of Asia Pacific WAGGGS (FAPW)** को सहयोगमा नेपाल स्काउटमा सञ्चालन भइरहेको **3L Project** वर्ष **2023** अन्तर्गत पुर्व निर्धारित अवधारणा पत्र अनुसार विभिन्न क्रियाकलापहरु सञ्चालन हुन लागेको ब्यहोरा सहर्ष जानकारी गराउँदछु । उक्त परियोजनामा तपसिल अनुसार हुने गरी **Project Execution Team Member** को भूमिकामा संलग्न हुन चाहने १८ देखि ३० वर्ष सम्मको उमेर समूहका **स्काउट मास्टर र रोभर/रेन्जरहरुले** आफ्नो आवेदन **मिति २०८० भदौ २४** गते भित्र **Online Registration Form** भरि आवेदन दिनुहुन हार्दिक अनुरोध गर्दछु।

**आवेदक सम्पूर्ण स्काउट मास्टर र रोभर/रेन्जरहरुले आ. ब. ०७९।०८० वा ०८०।०८१ नेपाल स्काउट अनलाईन दर्ता नविकरण पोर्टलमा अनिवार्य दर्ता भएको हुनु पर्नेछ र प्रदेश कार्यालयको सिफारिस (Endorsement) अनिवार्य रुपमा आवश्यक रहनेछ ।**

**आवेदकको मापदण्ड** ः

- नेपाल स्काउटद्वारा आयोजना गरिएका कार्यक्रममा सक्रिय भई सहभागी भएको हुनुपर्नेछ ।
- यस वर्षको लागि तय भएको मिति तथा कार्यक्रम तालिका अनुसार सहभागिताको प्रतिबद्धता गर्नुपर्नेछ ।
- अंग्रेजी भाषामा राम्रो दख्खल भएको हुनुपर्नेछ ।
- आवेदक स्काउट मास्टर र रोभर/रेञ्जर स्काउट आवेदन भरेको प्रदेशमै बसोबास गरी स्काउटिङमा सहभागी भएको हुनुपर्नेछ।
- आवेदकहरुलाई प्रदेश स्काउट कार्यालयको सिफारिस पश्चात् मात्र छनौट प्रक्रियामा सहभागी गराइने छ ।

सहभागी छनौट प्रक्रिया ः

- यस खुल्ला आह्वान (Open Call) मार्फत प्राप्त निवेदनहरु मध्येबाट मापदण्ड पूरा भएका निवेदकको नामावली Shortlist गरी आवश्यकता अनुसार Physical वा Virtual (Zoom) माध्यमबाट अन्तरवार्ताको लागि जानकारी पठाइने छ ।
- अन्तरवार्ता सहितको छनौट प्रक्रिया मार्फत अन्तिम नामावली प्रकाशित गरिनेछ ।

अन्य थप जानकारीको लागि ने.स्का.रा.प्र.का मा mabila@nepalscouts.org मार्फत सम्पर्क गर्नुहोला ।

संलग्नः

1. **Application Form [https://forms.gle/D3E2QfVBmXNnc4gN6 ]**
2. **Online Membership Registration Portal [https://online.nepalscouts.org/dashboard ]**
3. **Online Membership Registration Process [https://bit.ly/3uWXcs8]**

(राम प्रसाद भट्टराई)
निर्देशक